नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजविराज

**निर्णय नं. १**

बर्षातको समय सँगै यस बर्षको मनसुन समेत सक्रिय हुने भएकोले विपद्को समयमा खोज तथा उद्दार कार्यमा प्रयोग हुने उपकरण, उद्दार सामग्री तयारी अवस्थामा राख्ने। घटना घटेका बखत तत्काल प्रतिकार्यका लागि आवश्यक स्काभेटर, ब्याकहो लोडर, एम्बुलेन्स र औषधी जस्ता साधनहरु सम्बन्धित निकाय तथा सबै स्थानीय तहहरु, स्वास्थ्य संस्था/अस्पतालहरुले तयारी अवस्थामा राख्ने।

**निर्णय नं. २**

मिति २०८१।०२।०८ गतेको बैठकबाट मनसुन पूर्व तयारी प्रतिकार्य योजना २०८१ अद्यावधिक गर्न उप समिति गठन गरीएको र उप समितिले जिल्ला विपद व्यवस्थापन समितिको बैठकमा पेश गरी गर्ने निर्णय भएकोमा तयारी अवस्थामा रहेको विपद् पूर्व तयारी प्रतिकार्य योजना, २०८१ यही बैठकबाट पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिले चालु आ.व. मा विपद्को सम्बन्धमा गरेका काम कारवाहीको विवरण तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिमा २०८१ असार तेस्रो हप्तामा पठाउने।

**निर्णय नं. ४**

विपद्को घटनामा परी पूर्ण रुपमा घर क्षति भएका घर परिवारलाई निजी आवास पुननिर्माण अनुदान प्रदान गर्नको लागि स्थानीय तहहरुले कार्यविधी अनुसार तत्काल प्रक्रिया प्रारम्भ गर्ने।

**निर्णय नं. ५**

डेंगु नियन्त्रणका लागि सबै कार्यालयहरुले "खोज र नष्ट गर" अभियानलाई प्रभावकारी रुपमा संचालन गर्न स्वास्थ्य कार्यालयले यस सम्बन्धी जनचेतनामूलक कार्यक्रम मार्फत प्रचार प्रसार गर्ने।

**निर्णय नं. ६**

विपद् प्रभावितलाई तत्काल आश्रय र व्यवस्थापनको लागि सबै स्थानीय तहहरुले आफ्नो पालिका भित्र खुल्ल क्षेत्रहरुको पहिचान गरी जिल्ला विपद् व्यवस्थापन समिति समक्ष पठाउने।

**निर्णय नं. ७**

जिल्लामा संचालित विकास निर्माण र बाटोघाटो निर्माणसँग सम्बन्धी कार्य बर्षातको समय आउनुपूर्व यथाशिघ्र सम्पन्न गर्न स्थानीयतहरु र आयोजना संचालन गर्ने सडक सम्बद्ध कार्यालयहरुमा लेखि पठाउने।

**निर्णय नं. ८**

आगलागी पिडीत परिवारलाई राहत स्वरुप प्रदान गरिएको राहत रकम अनुमोदित गर्ने।

**निर्णय नं. ९**

स्थानीय आपतकालिन कार्य संचालन केन्द्र (LEOC) स्थापना नभएको स्थानीय तहहरुले यथाशिघ्र LEOC को स्थापना गर्ने। LEOC को स्थापना भैसकेको स्थानीय तहहरुले विपद् जन्य घटनाको प्रतिकार्यको लागि समन्वयात्मक रुपमा परिचालित हुने तथा DEOC र LEOC वीच समन्वयात्मक रुपमा सूचना आदान-प्रदान गर्ने।

प्रमुख जिल्ला अधिकारी

**निर्णय नं. १०**

विगत केही दिन अगाडी हावाहुरीको कारण जिल्लाका विभिन्न स्थानहरुमा विद्युतको पोल ढलि विद्युत आपूर्तीमा अबरोध भई कार्यालयबाट हुने सेवा प्रवाहमा असहज भएको र नागरिकको दैनिक जीवन समेत कष्टकर बन्दै गएकोले तत्काल उक्त समस्या सामाधन गरी सहज रुपमा विद्युत आपूर्तीको व्यवस्था विद्युत प्राधिकरण राजविराजले मिलाउने।

**निर्णय नं. ११**

विपद्को समयमा आवश्यक पर्ने खाद्यन्नन लगायत अन्य राहत सामाग्री भण्डार गरी आवश्यक परेको बखत सहज रुपमा उपलब्ध गराउने गरी सोको व्यवस्थापन उद्योग बाणिज्य संघले गर्ने ।

**निर्णय नं. १२**

निर्माणाधीन अवस्थामा रहेको हुलाकी राजमार्ग, रुपनी-राजबिराज सडक खण्ड, राजबिराज-हनुमाननगर लगायत अन्य निर्माणाधीन सडक खण्डहरु बर्षातको समयमा परेको पानीको कारण खाल्डोहरु परी, पानि जमि दुर्घटना हुने र सवारी अवागमन समेत नहुने हुँदा विपदमा उद्दारको लागि समेत अबरोध सिर्जना हुने भएकोले उक्त सडक खण्डहरु तिब्रताका साथ सम्बन्धित आयोजना/ कार्यालयहरुले निर्माण व्यवसायीसँग समन्वय गरी समयमै काम सकी सहज सवारी अवागमन हुने व्यवस्था मिलाउने ।

**निर्णय नं. १३**

पानिको वहाव बढेर कटान तथा डुवानमा पर्ने नदी तथा खोला नियन्त्रण गर्न स्थानीय तह, खाडो नदी नियन्त्रण आयोजना, कोशी पम्म चन्द्र नहर सिंचाई व्यवस्थापन कार्यालय, जलस्रोत तथा सिंचाई व्यवस्थापन लगायतका कार्यालयहरुले एक आपसमा समन्वय गरी संभावित जोखिमलाई न्यूनिकरण गर्ने व्यवस्था गर्ने ।

**निर्णय नं. १४**

खाँडो नदीको पानीको बहावबढी प्रत्येक बर्ष तिलाठी कोइलाडी गाउँपालिका केही वडाहरु डुवानमा पर्ने र बस्तीहरु कटानमा पर्न सक्ने संभावनालाई न्यूनिकरण गर्न खाडो नदी नियन्त्रण आयोजना र जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयले स्थानीय तहको समन्वय र सहकार्य गर्ने ।

**निर्णय नं. १५**

जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयको च.नं. ४४७ मिति २०८१।०२।११ को पत्र साथ प्राप्त सूची अनुसारका नदी नियन्त्रणको लागि बजेट व्यवस्थापनको सिफारिस माग भै आएकोले पर्याप्त बजेट बिनियोजन व्यवस्थाको लागि श्री उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय मधेश प्रदेशमा सिफारिस गर्ने ।

**निर्णय नं. १६**

यस जिल्लाको जनसंख्याको अनुपातमा रेडक्रस सोसाइटी शाखा कार्यालय सप्तरीमा रहेको विपद् राहत सामाग्री कम भएकोले कम्तिमा ५०० (पाँच सय) परिवारलाई बितरण गर्न पुग्ने गरी राहतको सामग्री व्यवस्थापन गर्न अनुरोध गर्ने ।

प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी
नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजविराज

**निर्णय नं. १७**

यस जिल्लामा रहेका विभिन्न नदी/ खोलाहरुमा निर्मित्र पुलहरुमा पुलको सहत छुने गरी नदीजन्य पदार्थ जम्मा भई पुल तथा बस्ती जोखिममा रहेको बिषय बैठकमा छलफलको क्रममा उठान भएकोले स्थानीय विपद् व्यवस्थापन समितिको बैठकले निर्णय गरी सरोकारवाला निकायहरु सम्मिलित प्राविधिक कर्मचारी समेत रहने गरी समिति बनाई प्रचलित कानून विपरीत नहुने गरी स्थानीय तहको खर्चमा आवश्यक व्यवस्थापन गर्ने ।

**निर्णय नं. १८**

मौषम विज्ञान विभाग, धरानले फोरकाष्ट गरेको मौषम सम्बन्धी जानकारी विपद्सँग सम्बन्धित सबै कार्यालयहरुले आ-आफ्नो कार्यालयको website तथा समजिक संजालमा upload गरी बढी भन्दा बढी नागरिकलाई सुसूचित हुने व्यवस्था मिलाउने ।

**निर्णय नं. १९**

डुवानजन्य विपदमा आवश्यक पर्ने तपशिल बमोजिमका सामग्रीहरुको व्यवस्थापनको लागि श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार काठमाडौं र श्री गृह सञ्चार तथा कानून मन्त्रालय, मधेश प्रदेशसँग माग गर्न लेखि पठाउने ।

| सि.नं. | सामानको नाम | ईकाई | आवश्यक परिमाण | कै. |
|---|---|---|---|---|
| **1.** | रबर बोट | थान | 2 | 4 चेम्वर 18 फिट |
| **2.** | ब्याक बोर्ड लङ्ग | गोटा | 1 | |
| **3.** | रेस्क्यु हेल्मेट | गोटा | 30 | |
| **4.** | ट्युब | गोटा | 5 | |
| **5.** | लाईफ ज्याकेट | थान | 10 | |
| **6.** | डाईनामिक रोप | रोल | 1 | |
| **7.** | स्टाटिक रोप | रोल | 1 | |
| **8.** | क्याराबिना ठुलो | गोटा | 5 | |
| **9.** | क्याराबिना सानो | गोटा | 10 | |
| **10.** | फिगर 8 क्याराबिना | गोटा | 5 | |
| **11.** | रेस्क्यु सुज | जोर | 20 | |
| **12.** | लाईफ ब्वाई | गोटा | 10 | |
| **13.** | वाटर रेस्क्यु चस्मा | गोटा | 30 | |
| **14.** | रेस्क्यु नाईफ | गोटा | 2 | |

२०८१।२।३०
प्रमुख जिल्ला अधिकारी